नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
## (वातावरण तथा विपद् समन्वय शाखा)
सिंहदरबार, काठमाडौं
email:cdms.mofaga@gmail.com

पत्र संख्या:-वा.त.वि.स.शा/२०८२/०८३
चलानी नं.:- ८

मिति:२०८२/४/१५
नेपाल संवत् ११४५ गुंलाथ्व

श्री जिल्ला समन्वय समितिको कार्यालय (सबै),
श्री महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका (सबै),
श्री गाउँपालिका (सबै) ।

विषयः साधारण निर्माणमुखी खनिजको रोयल्टी सम्बन्धमा ।

श्री खानी तथा भूगर्भ विभाग (खानी अनुमति तथा प्रशासन शाखा) को प.सं ०८२/०८३/६८ च.नं ९१ मिति २०८२/०४/१३ साधारण निर्माणमुखी खनिजको रोयल्टी दाखिला गर्ने गराउने विषयक पत्रको छाँया प्रति पाना ३ यसैसाथ संलग्न छ । पत्रको व्यहोरा बमोजिम विभिन्न स्थानीय तहबाट जारी गरिएका साधारण निर्माणमुखी खनिज पदार्थ उत्खनन गर्न स्वीकृति प्राप्त साधारण निर्माणमुखी खानीहरुले खनिज उत्खनन् गरे बापत नियमानुसार दाखिला गर्नुपर्ने रोयल्टी सम्बन्धमा विभिन्न स्थानीय तहबाट प्राप्त विवरण समेतका आधारमा केही खानीहरुको दाखिला भएको र केहीको रोयल्टी दाखिला गरेको नदेखिएकोले विद्यमान खानी तथा खनिज पदार्थ नियमावली, २०५६ अनुसार विभागको प्राविधिक सहमतिमा स्थानीय तहबाट जारी उत्खनन् अनुमतिपत्र प्राप्त कम्पनीहरुको नविकरण, खानी अनुगमन, नियमन, प्रशासन लगायत अनुसूची-१० अनुसार रोयल्टी रकम र स्थानीय विकास शुल्क बुझिलिने कानूनी व्यवस्था रहेकोले सो अनुसार लिनुपर्ने रोयल्टी लगायत अन्य शुल्क नियमानुसार बुझ्न/बुझाउन साथै उत्खनन् अनुमतिपत्र लिई अनुमतिपत्रको अवधि समाप्त भएको र अवैध रुपमा सञ्चालन भएका खानीहरु तत्काल बन्द गराई खानी तथा भूगर्भ विभागमा जानकारी दिन हुन निर्णयानुसार अनुरोध छ ।

४/१५
(जय राम उप्रेती)
शाखा अधिकृत

**बोधार्थ**
श्री खानी तथा भूगर्भ विभाग (खानी अनुमति तथा प्रशासन शाखा),
लैनचौर, काठमाडौं ।
श्री सूचना तथा प्रविधि शाखा,
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, (पोर्टल र वेवसाइट मार्फत पत्राचार गरीदिन हुन)।

नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

# खानी तथा भूगर्भ विभाग

खानी अनुमति तथा प्रशासन शाखा

(.............................................)

सङ्घीय मामिला तथा सामान्य प्रशा...
दर्ता नं.:- २२२
दर्ता मितिः- ४।१४

कपूरधारामार्ग-९
लैनचौर, काठमाडौं ।

पत्र संख्याः- ०८२/०८३/६८

चलानी नं. ३१

मितिः- २०८२।०४।१३

विषय : साधारण निर्माणमुखी खनिजको रोयल्टी दाखिला गर्ने गराउने सम्बन्धमा ।

श्री वातावरण तथा विपद् व्यवस्थापन...
२०८२।४।१४

श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाडौं।

प्रस्तुत विषयमा विद्यमान खानी तथा खनिज पदार्थ ऐन, २०४२ र खानी तथा खनिज पदार्थ नियमावली, २०५६
बमोजिम साधारण निर्माणमुखी खनिज पदार्थ (ढुङ्गा, माटो, बालुवा, स्लेट आदि) नियमन तथा प्रशासन तत्कालिन सम्बन्धित
जिल्ला विकास समितिबाट भईरहेको र अनुमति जारी गर्नुपूर्व ऐ. नियमावली बमोजिम विभागबाट प्राविधिक सहमति उपलब्ध
गराइरहेको अवस्था थियो। नेपालको संविधान लागू भई देशमा संघीयता लागू भएपश्चात स्थानीय तहको सेवा संचालन
तथा व्यवस्थापन सम्बन्धी आदेश, २०७४ एवं स्थानीय सरकार संचालन ऐन, २०७४ लागू भई ढुंगा, गिट्टी, बालुवा, स्लेट
आदि खानीजन्य वस्तुहरुको सर्वेक्षण, उत्खनन् तथा उपयोगको दर्ता अनुमति, नविकरण, खारेजी र व्यवस्थापन स्थानीय
सरकारको अधिकार क्षेत्र भित्र पर्ने गरी स्पष्ट व्यवस्था भएकोमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको स्थानीय
सरकार संचालन ऐन, २०७४ को नियमावली बनिनसकेको साथै सो कार्यको लागि कुनै निर्देशिका/कार्यविधि समेत स्वीकृत
भएको अवस्था नरहेकोले थप कानुनी व्यवस्था भएपछि सो बमोजिम हुनेगरी हाललाई प्रचलित खानी तथा खनिज पदार्थ
ऐन, २०४२ तथा खानी तथा खनिज पदार्थ नियमावली, २०५६ बमोजिम हुनेगरी खानी तथा भूगर्भ विभागबाट उत्खनन्
कार्ययोजना (Mining Scheme), प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनको TOR र IEE प्रतिवेदन स्वीकृत गराई विभागको
सहमती प्राप्त गरी सम्बन्धित नगर/गाउँ पालिकाको कार्यालयवाट उत्खनन् अनुमति पत्र जारी गर्ने भन्ने मिति
२०७४/११/२२ को (सचिव स्तरीय) निर्णय वमोजिम खानी तथा खनिज पदार्थ नियमावली, २०५६ ले व्यवस्था गरे
बमोजिम नै विभागले प्राविधिक सहमति उपलब्ध गराई सहजीकरण गरिरहेको अवस्था छ। विभागबाट प्राविधिक सहमति
दिएपछि अनुमति जारी, नियमन, अनुगमन समेतका कार्य सम्बन्धित पालिकाहरुबाट एवं ढुङ्गा, गिटी, बालुवा उत्खनन्, विक्रि
तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ बमोजिम सम्बन्धित जिल्ला समन्वय समितिबाट समेत अनुगमन हुने व्यवस्था
रहेको छ।

यसरी यस विभागको प्राविधिक सहमतिमा बिभिन्न स्थानीय तह बाट जारी गरीएका साधारण निर्माणमुखी खनिज पदार्थ
उत्खनन गर्न स्वीकृति प्राप्त साधारण निर्माणमुखी खानीहरुले खनिज उत्खनन् गरे बापत नियमानुसार दाखिला गर्नुपर्ने रोयल्टी
सम्बन्धमा विभिन्न स्थानीय तह बाट प्राप्त विवरण समेतका आधारमा केही खानीहरुको रोयल्टी दाखिला भएको र केहीको रोयल्टी
दाखिला गरेको नदेखिएकोले विद्यमान खानी तथा खनिज पदार्थ नियमावली, २०५६ अनुसार विभागको प्राविधिक सहमतिमा
स्थानीय तहबाट जारी उत्खनन् अनुमतिपत्र प्राप्त कम्पनीहरुको नविकरण, खानी अनुगमन, नियमन, प्रशासन लगायत अनुसूची-१०
अनुसार रोयल्टी रकम र स्थानीय विकास शुल्क बुझिलिने देहाय कानूनी व्यवस्था रहेकोले सो अनुसार लिनुपर्ने रोयल्टी लगायत
अन्य शुल्क नियमानुसार बुझ्न/बुझाउन तहाँ मन्त्रालय मार्फत सबै स्थानीय तहहरूमा देहाय बमोजिमको कानूनी व्यवस्था समेत
उल्लेख गरी जानकारी दिन साथै उत्खनन् अनुमतिपत्र लिई अनुमतिपत्रको अवधि समाप्त भएका र अवैध रुपमा सञ्चालन भएका
खानीहरु तत्काल बन्द गर्न मिति २०८२।०४।०५ गतेको विभागीय निर्णयानुसार अनुरोध छ ।

फोन : महानिर्देशक - ०१-४५१४७४०
ईमेल : info@dmgnepal.gov.np
फ्याक्सः ०१-४५१४८०६
वेभसाईट : www.dmgnepal.gov.np
योजना कार्यक्रम तथा सूचना शाखा - ०१-४५१२०६५
plan@dmgnepal.gov.np

योजना तथा विकास सहायता समन्वय महाशाखा
दर्ता नं.: ४१
मितिः ८२।०४।१४

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
# खानी तथा भूगर्भ विभाग
खानी अनुमति तथा प्रशासन शाखा
(..........................................)

कपूरधारामार्ग-९
लैनचौर, काठमाडौं ।

रोयल्टी शुल्क दस्तुर बुझिलिने कानूनी आधार देहाय बमोजिम रहेको छः

साधारण निर्माणमुखी खनिज पदार्थको उत्पादन रोयल्टी रकम सम्बन्धित स्थानिय तहमा दाखिला गर्नुपर्ने कानूनी र तथ्यगत आधारहरुः-

१. खानी तथा खनिज पदार्थ ऐनको दफा १२(४) मा साधारण माटो, ढुङ्गा र बालुवा जस्ता खनिज पदार्थको सम्बन्धमा विशेष व्यवस्था गर्न सक्ने प्रावधान रही साधारण निर्माणमुखी खनिजको हकमा नियमावलीको नियम ३६ बमोजिम विभागबाट सहमति प्राप्त भएमा जिल्ला विकास समितिले अनुसूची-१३ बमोजिमको ढाँचामा अनुसूची-४ बमोजिमको दस्तुर लिई अनुमतिपत्र दिने व्यवस्था नियम ३७(१) मा रहेकोले त्यसरी जारी भएका अनुमति पत्रको हकमा रोयल्टी संकलन गर्ने दायित्व स्वतः सम्बन्धित अनुमति पत्र जारी गर्ने निकाय नै हुन जान्छ। नियमावलीको अनुसूची-४ मा दस्तुर र धरौटी (अनुमतिपत्र दस्तुर, नवीकरण दस्तुर, अवधि थप दस्तुर, नामसारी दस्तुर, धरौटी, प्रमाणपत्र प्रतिलिपि दस्तुर, निकासी दस्तुर (विदेश निकासी) तोकिएको तर रोयल्टी सम्वन्धी व्यवस्था अनुसूची-१० मा मात्र रहेको छ। नियमावलीको नियम ३७(२) मा उपनियम (१) बमोजिम अनुमति दिए बापत जिल्ला विकास समितिले आफूले प्राप्त गरेको आम्दानीको बीस प्रतिशत रकम विभागको राजश्व खातामा जम्मा गरी सो को भौचर सहितको जानकारी विभागमा पठाउनुपर्नेछ भन्ने व्यवस्था अनुरुप अनुसूची-४ बमोजिम तोकिएको अनुमतिपत्र दस्तुरको बीस प्रतिशत रकम सहमति दिंदाका बखत नै विभागीय राजश्व खातामा दाखिला गर्नुपर्ने कानूनी व्यवस्था रहेको।

२. उत्खनित साधारण निर्माणमुखी खनिज पदार्थको रोयल्टी सम्बन्धमा यस विभागको प.सं. ०६५/०६६/५८१, मिति २०६५।०८।०३ को पत्रबाट वन तथा भू-संरक्षण मन्त्रालयको निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा तत्कालिन स्थानिय विकास मन्त्रालय, हरिहर भवन, पुल्चोकमा सम्बन्धित जिल्ला विकास समितिको कार्यालयहरुलाई निर्देशन पठाईदिन पत्राचार गरिएको, उक्त पत्रमा खानीको नियमानुसार बुझाउनुपर्ने राजस्व नबुझाएको ढुंगा खानीहरुले नियमानुसार लाग्ने उत्पादनको आधारमा रोयल्टी आदि दस्तुर भुक्तानी नगरेसम्म खानी नविकरण, संचालन गर्न बन्द गर्ने समेत रहेको व्यहोरा उल्लेख गरिएको।

३. स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को खण्ड प को बुदाँ नं. (७) मा "ढुङ्गा, गिट्टी, वालुवा, माटो तथा स्लेट जस्ता वस्तुको सर्वेक्षण, उत्खनन तथा उपयोगको दर्ता, अनुमति, नविकरण, खारेजी र व्यवस्थापन" साथै दफा ११ को उपदफा ४ को खण्ड (घ) को बुदाँ नं. (३) मा "खनिज पदार्थको उत्खनन र सो सम्बन्धी रोयल्टी संकलन" भन्ने रहेको हूँदा खानी तथा खनिज पदार्थ नियमावली, २०५६ को अनुसुची १० मा ब्यवस्था गरिएको दर अनुसार स्थानीय तहबाटै रोयल्टी संकलन गर्नु पर्ने।

४. साधारण निर्माणमूखी खनिज पदार्थ उत्खनन् गर्ने खानी उद्योगहरुको प्रत्येक वर्ष नविकरण गर्नुपर्ने र नविकरण गर्दा प्रचलित कानून बमोजिम प्रकृया पुरयाई तोकिए बमोजिमको रकम समेत लिई नविकरण गर्ने।

५. खानीद्वारबाट निकालिने खानीजन्य पदार्थको मात्रा एकिन गरी सो बमोजिमको बिवरण/तथ्याङ्क राख्ने जिम्मा समेत स्थानीय तहहरुको भएको हुँदा सो बमोजिमको विवरण/तथ्याङ्क समेत राख्ने।

६. साधारण निर्माणमूखी खनिज पदार्थ उत्खनन् सम्बन्धमा नियम ३८ बमोजिम अनुगमन समेत स्थानीय तहरुबाट गर्ने । अनुगमनको क्रममा तोकिएको शर्त तथा कानून विपरितको काम भएको पाइएमा आवश्यक निर्देशन दिने, खनिज कार्य रोक्का राख्ने वा अनुमतीपत्र खारेज गर्ने। तर अनुमतीपत्र खारेज गर्दा प्रचलित कानूनको प्रक्रिया पुऱ्याई गर्ने।

७. यस विभागबाट उत्खनन् अनुमतिपत्र जारी भएका खानीको हकमा नियम २२ बमोजिम साविकमा जिल्ला विकास समिति/ जिल्ला समन्वय समितिमा बुझाई आएको स्थानीय विकास शुल्कका सम्बन्धमा श्री उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको मिति २०७५/०९/२२ को पत्र अनुसार आ.व. २०७५/७६ देखि सम्बन्धित स्थानीय तहमा उक्त स्थानीय विकास शुल्क बुझाउन विभागबाट मिति २०७५/१०/०९ मा सार्वजनिक सूचना समेत प्रकाशित भएको।

फोन : महानिर्देशक - ०१-४५१४७४०
ईमेल : info@dmgnepal.gov.np
फ्याक्सः ०१-४५१४८०६
वेभसाईट : www.dmgnepal.gov.np

योजना कार्यक्रम तथा सूचना शाखा - ०१-४५१२०६५
plan@dmgnepal.gov.np

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
# खानी तथा भूगर्भ विभाग
खानी अनुमति तथा प्रशासन शाखा
(...............................................)

कपूरधारामार्ग-९
लैनचौर, काठमाडौं ।

८. निर्माणमुखी खनिज पदार्थको सम्बन्धमा सम्मानित सर्वोच्च अदालत, संवैधानिक ईजालसको आदेशमा उल्लेख भएको विषयः

*नेपाल सरकारको आ. ब. २०७८/७९ को बजेट वक्तव्यको बुदाँ नं. ११९ मा वातावरणीय प्रभाव मूल्याङ्कनको आधारमा खानीजन्य ढुङ्गा, गिट्टी, वालुवा निकासी गरी व्यापार घाटा न्यूनिकरण गरिने र निकासी गरिने खानीजन्य निर्माण सामाग्री परिवहनका लागि उद्योग देखि निकासी विन्दुसम्म रोप-वे निर्माण गर्न लाग्ने भन्सार महसुल छुट दिने व्यबस्था मिलाएको भन्ने व्यहोरा उल्लेख गरेको देखिन्छ। नेपाल सरकारको सो व्यवस्था समेतको विषयहरुको विरुद्दमा शैलेन्द्र प्रसाद अम्बेडकर समेत वादी रहेको उत्प्रेषण ०७७-wc-००९९ मुद्दामा सम्मानित सर्वोच्च अदालतको संवैधानिक इजलासको मिति २०७९/०१/०७ को आदेशको ठहर खण्डको बुँदा नं. ३४ मा संविधानले स्थानीय तहलाई प्रदान गरेको एकल तथा साझा सूचीको सर्वमान्यतामा असर नपर्ने गरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ मा गाँउपालिका तथा नगरपालिकालाई प्राप्त अधिकारहरु वारे व्यवस्था गर्दै सो दफाको उपदफा (२) को खण्ड (घ) मा "स्थानीय कर, सेवा शुल्क तथा दस्तुर" भन्ने शिर्षक अन्तरगत देहाय (६) मा ढुङ्गा, गिट्टि, वालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरिढुङ्गा आदि प्राकृतिक तथा खनिजजन्य वस्तुहरुको विक्री तथा निकासी शुल्क, दस्तुर सङ्कलन गर्ने अधिकार बारे व्यवस्था गरेको देखिन्छ।" त्यसै गरी दफा ११ कै उपदफा (४) मा पनि खण्ड (घ)को देहाय (२) मा प्राकृतिक स्रोत साधन र सेवा शुल्क, रोयल्टि संकलन, समन्वय र नियमन गर्ने अधिकार देहाय (३) मा खनिज पदार्थको उत्खनन, सो सम्बन्धी रोयल्टि सङ्कलनको अधिकार, त्यसै गरी खण्ड (ञ) मा प्राकृतिक स्रोतवाट प्राप्त रोयल्टीको विषयमा अधिकारहरु प्रदान गरिएको र कर्तव्यहरु सुम्पिएको पाइन्छ भनी उल्लेख गरिएको। सम्मानीत सर्वोच्च अदालतको वेवसाइटबाट निर्णय फैसला हेर्न सकिनेछ।*

९. खानी तथा खनिज पदार्थ ऐन, २०४२ र खानी तथा खनिज पदार्थ नियमावली, २०५६, स्थानीय सरकार संचालन ऐन, २०७४ का प्रावधान अनुसार साधारण निर्माणमुखी खनिज पदार्थको अनुमतिपत्र सम्बन्धमा विभागबाट प्राविधिक सहमति सम्म मात्र दिईने तर उत्खनन् अनुमतिपत्र तत्कालिन जिल्ला विकास समिति, जिल्ला समन्वय समिति र हाल स्थानीय तहबाट जारी हुने हुँदा कानून बमोजिम तोकिएको रोयल्टी संकलन गर्ने लगायतका अधिकार र दायित्व स्वभाविक रुपमा स्वतः अनुमतिपत्र जारी गर्ने निकायको नै रहेको।

तसर्थ सामान्य निर्माणमुखी खनिजको रोयल्टी संकलन, खानी नविकरण लगायत कार्य खानी तथा खनिज पदार्थ ऐन, २०४२ र सोको नियमावली, २०५६ अनुसार स्थानीय तहहरुको भएकोले यस विभागबाट सहमति प्रदान गरी जारी भएका उत्खनन् अनुमतिपत्रको मासिक रोयल्टी संकलन सम्बन्धमा नियमावलीको अनुसूची-१० अनुसार गर्न सम्पूर्ण पालिकाहरुमा तहाँ मार्फत जानकारी गराईएको विद्यमान खानी तथा खनिज पदार्थ ऐन, २०४२ सोको नियमावली, २०५६ अनुसार यस विभागको प्राविधिक सहमतिमा हाल सम्बन्धित स्थानीय तहबाट साधारण निर्माणमुखी खनिज (ढुङ्गा, गिट्टि, बालुवा लगायत) को अनुमति जारी हुने, नविकरण गर्ने क्षेत्राधिकार एवं खानी तथा खनिज पदार्थ नियवमाली, २०५६ को अनुसूची-१० अनुसार मासिक उत्पादन रोयल्टी संकलन गर्ने गराउने समेत कार्य गर्नुपर्नेमा कतिपय पालिकाबाट रोयल्टी बुझीलिएको जानकारी माग गर्दा समेत सोको विवरण प्राप्त नभएको केहीबाट रोयल्टी संकलन गरेको र केहीले अन्य शिर्षकको रोयल्टी बुझी लिएको जानकारी गराएकोले तहाँ मन्त्रालय मार्फत सम्पूर्ण पालिकाहरुलाई सहमति प्राप्त साधारण निर्माणमुखी खनिज पदार्थको मासिक उत्पादन विवरण बमोजिम रोयल्टी बुझिलिन निर्देशन/जानकारी पत्राचारका लागि मिति २०८२।०४।०५ को विभागीय निर्णय अनुसार अनुरोध छ।

(हस्ताक्षर)
तेजेन्द्र कुमार यादव
माइनिङ्ग इन्जिनियर

बोधार्थः-
श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टङ्गाल, काठमाडौं।
श्री उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरबार, काठमाडौं।

फोन : महानिर्देशक - ०१-४५१४७४०
ईमेल : info@dmgnepal.gov.np
फ्याक्सः ०१-४५१४८०६
वेभसाईट : www.dmgnepal.gov.np
योजना कार्यक्रम तथा सूचना शाखा - ०१-४५१२०६५
plan@dmgnepal.gov.np